# भोटखोला गाउँपालिका

# लुङवसाम्व भूपरिधि जैविक-साँस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र व्यवस्थापन तथा सञ्चालन

# कार्यबिधि-२०७७

स्थानीय राजपत्रमा प्रकाशन मिति:..............

भोटखोला गाउँपालिका

संखुवासभा जिल्ला प्रदेश १,नेपाल

भोटखोला गाउँपालिका

लुङवसाम्व जैबिक-साँस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेषक्षेत्र व्यवस्थापन तथा सञ्चालन कार्यबिधि-२०७७

## प्रस्तावना

विश्वका तेश्रो अग्लो हिमाल कञ्चनजंघा र पाँचौ अग्लो हिमाल मकालुका बिचमा अवस्थीत संखुवासभा जिल्ला भोटखोला गाउँपालिका लुडवसाम्व भूपरिधि श्रृङ्खला क्षेत्रका भुभागहरु जैविक, पर्यावरणीय तथा सांस्कृतिक विविधतायुक्त विशिष्ट क्षेत्र हुन । यस भूपरिधिमा उच्च हिमाली तालतलैयाहरु, जलधार तथा सिमसारयुक्त क्षेत्रहरुको साथै कार्बन सन्चयका दृष्टीले महत्वपूर्ण मानिने पिटल्याण्डहरु समेत रहेका छन । जैविक बिविधताका दृष्टीले लोपोन्मुख हिमचितुवा, कस्तुरी, रेडपाण्डा (हाब्रे) कालो भालु, नाउर (हिमाली भेडा) लगायतका वन्यजन्तुहरु, डाँफे, मुनाल, काँडेभ्याकुर, सुनौलो हाँस ( Golden Duck ) तथा अन्य घुमन्ते पंक्षीहरु र यार्सागुम्बा, पाँचऔले, कुट्की लगायत औषधिजन्य बनस्पतीहरु समेत रहेका हुनाले यो क्षेत्र जैविक तथा वानस्पतिक विविधताको मुख्य श्रोत रहेको छ। यो भूभाग अति सिमान्तकृत आदिवासी भोटे, शिङसा,नावा,ल्होमी,थुदाम भोटे तथा राई,गुरुङ तामाङ र सिल्पिहरुको पुर्ख्यौली बसोबास क्षेत्र हो । आदिवासी भोटे लगायतका समुदायको पौराणीक लामाग्रन्थ तथा परंपरागत विजुवा र धामी झाँकी प्रथा तथा वुढापाकाहरुको भनाईमा समेत यस भूभागलाई पवित्र क्षेत्रको रुपमा उल्लेख गरेको पाईन्छ ।

आदिबासी भोटे, शिङसा,नावा,ल्होमी,थुदामे भोटे,राई,गुरुङ र तामाङ समुदायहरुका संस्कृति यो क्षेत्रका जल, जंगल र जमिनसंग आश्रीत रहेका हुनाले यो क्षेत्रविशिष्ट सांस्कृतिक महत्व बोकेको क्षेत्र हो ।

(२) यस कार्यविधि भोटखोला गाँउ कार्यपालिकाद्वारा घोषणा गरिएका अनुसूची (१) का चारकिल्ला भित्र रहेका लुडवसाम्ब यहाँका आदिवासी समुदायले यो क्षेत्रका पर्यावरणलाई परम्परागत प्रथाजनित रैथाने ज्ञान सिप मार्फत संरक्षण गर्दै आईरहेका छन । लोपोन्मुख जैविक विविधता एवं सामाजिक, सांस्कृतिक सम्पदाका समेत बिशेष महत्व तथा जल पर्यावरणका मुल श्रोतका रुपमा रहेका यो भुभागलाई उच्च मूल्यकम पदचिन्ह हुने विशेष पर्यापर्यटन मार्फत स्थानीय समुदायका दिगो जिविको पार्जनमा टेवा पुऱ्याउँदै यस क्षेत्रलाई सडक (गाडी चल्ने बाटो) रहित सिमान्तकृत आदिवासी भोटे, शिङसा,नावा,ल्होमी,थुदामे भोटे तथा राई,गुरुङ र तामाङ समुदायहरुको आदिम सांस्कृतिक महत्व रहेका सांस्कृतिक पर्यापर्यटकीय क्षेत्रका रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकाले स्थानीय बातावरण संरक्षण तथा पर्यापर्यटन सम्बन्धि ऐन,२०७७ को दफा १६ ले दिएका अधिकार प्रयोग गरी भोटखोला गाँउ कार्यपालिकाले लुडवसाम्ब भूपरिधि जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र व्यवस्थापन तथा सञ्चालन कार्यबिधि-२०७७ जारी गरेका छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिका नाम लुडवसाम्ब भूपरिधि जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र व्यवस्थापन तथा सञ्चालन कार्यबिधि-२०७७ हुनेछ ।

न आदि कार्यका नाममा समितिहरु गठन गर्न तथा चन्दा र आर्थिक सहयोग संकलन गर्न ।

(छ) समितिले तोकेका अधिकारीक अनुमति बाहेक पर्यापर्यटकीय क्षेत्रभित्र रेडियो,टेपरेकर्डर, लाउड स्पीकर, माइक जस्ता ध्वनी प्रदुषण भूपरिधि जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र भर लागू हुनेछ ।

(३) यस कार्यविधि भोटखोला गाऊँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन" भन्नाले भोटखोला गाउँपालिकाको स्थानीय बातारण संरक्षण तथा पर्यापर्यटन सम्बन्धि ऐन,२०७७ सम्झनुपर्छ ।

(ख) "कार्यविधि" भन्नाले जैविक विविधतायुक्त लुडबसाम्ब भूपरिधि जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र व्यवस्थापन तथा सञ्चालन कार्यबिधि-२०७७ लाई सम्झनु पर्दछ ।

(ग) "समिति" भन्नाले स्थानीय वातवरण तथा पर्यापर्यटन प्रवर्द्धन ऐन, २०७७ का दफा ६ बमोजिम गठित व्यवस्थापन तथा सञ्चालन समिति सम्झनु पर्दछ ।

(घ) "पथ प्रदर्शक" भन्नाले पारिश्रमिक लिई पर्यापर्यटकका साथमा रहने गरी पथ प्रदर्शनका लागि काम गर्न कानुन बमोजिम ईजाजत प्राप्त व्यक्ति सम्झनुपर्दछ ।

(ङ) "होमस्टे" भन्नाले पर्यटक, पाहुना, आगन्तुकलाई स्थानीय मौलिक संस्कृति झल्कने गरी आवास, मनोरञ्जन, खान र अन्य सेवा प्रदान गर्ने उदेश्यले,

गाउँपालिकाद्धारा पारित होमस्टे व्यवस्थापन कार्यविधी २०७७ बमोजिमका घरवास सेवा सम्झनु पर्दछ।

(च) "गोठस्टे" भन्नाले उच्च हिमाली भूभागमा रहेका परम्परागत गोठहरुलाई व्यवस्थापन तथा संचालन समितिले तोके बमोजिमका मापदण्ड अनुसार पर्यटक, पाहुना तथा आगन्तुकहरुलाई स्थानीय मौलिक संस्कृति झल्कने गरी आवास, मनोरञ्जन, खान र अन्य सेवा प्रदान गर्ने उदेश्यले निजी वा सामुहिक रुपमा संचालन गरिएका गोठबास सेवा सम्झनु पर्दछ।

(छ) "ग्ल्याम्पीङ" भन्नाले प्राकृतिक जिबन शैलीमा आधारित उच्च गुणस्तरका बिशेष खानपान सहितका बास व्यवस्था रहेका पर्यटनलाई सम्झनु पर्दछ।

(ज) "सडक रहित" भन्नाले चार पाङ्ग्रे तथा दुई पाङ्ग्रे सवारी साधन गुड्न सक्ने बाटो रहित मार्ग भन्ने सम्झनु पर्दछ।

(झ) "पथ तथा पैदलमार्ग" भन्नाले गोरेटो तथा घोडेटो बाटो भन्ने सम्झनु पर्दछ।

(ञ)"ट्रेकिंग एजेन्सी" भन्नाले पर्यापर्यटक वा अन्य व्यक्तिलाई विविध प्राकृतिक एवं साँस्कृतिक दृश्यावलोकन गराउने उदेश्यले शुल्क लिई वा नलिई विभिन्न स्थानहरुमा यात्रा गराउने प्रवन्ध मिलाउने कानूनबमोजिम ईजाजत प्राप्त व्यक्ति, फर्म वा कम्पनी सम्झनुपर्छ।

३) उद्देश्य: प्रचलित कानूनमा व्यवस्था भएका कुराहरुका अतिरिक्त यस लुङबसाम्ब भूपरिधी जैविक-साँस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र व्यवस्थापन तथा संचालनका मुख्य उद्देश्य देहाय बमोजिम रहेका छन्:

(क) यस क्षेत्रलाई सडक रहित उच्च मूल्य कम पदचिन्ह सहित एकल-प्रयोग प्लास्टिक रहित प्रकृतिमैत्री विशेष जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय क्षेत्रका रुपमा विकास गर्न ।

(ख) यस क्षेत्रका पर्यावरण, जैविक विविधता, तालतलैया, जलाधार, पिटल्याण्ड, सिमसार क्षेत्र र जीवजन्तुका संरक्षण गर्न ।

(ग) यस क्षेत्रलाई प्रदुषण रहित स्वच्छ वातावरण रहेका विषेश नमूना पर्यापर्यटकीय क्षेत्रका रुपमा विकास गर्न ।

(घ) पर्यापर्यटन मार्फत स्थानीय कला, संस्कृति, भेषभुषा, रहनसहन, परिकार आदिका प्रवर्द्धन गर्न ।

(ङ) पर्यापर्यटकीय क्षेत्रमा पर्यापर्यटन प्रवर्द्धन गरी त्यसबाट प्राप्त प्रतिफल यस क्षेत्रका जैविक तथा सांस्कृतिक संरक्षण र स्थानीय जनताका दिगो जिविकोपार्जनका बृहत्तर हित एवं विकासमा प्रयोग गर्न ।

(च) यस क्षेत्रलाई सडकरहित विशेष पर्यापर्यटन तथा सांस्कृतिक क्षेत्रका रुपमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न ।

(छ) ग्रामिण स्तरमा स्वरोजगारका अवसर सिर्जना गरी स्थानीय जनतालाई आर्थिक रुपमा सवल बनाउन ।

(ज) यो क्षेत्रका भाषा, संस्कृति, रैथाने जिबनशैलीका संरक्षण, विकास तथा प्रवर्द्धन गर्न ।

(झ) यो क्षेत्रमा रहेका ताल तलैया, जलाधार, घाँसेमैदान, महत्वपुर्ण वनस्पति, लोपोन्मुख वन्यजन्तु तथा बासस्थान र सिमसार क्षेत्रहरुलाई स्थानीय समुदायद्धारा संरक्षण गर्न ।

परिच्छेद २

लुडवसाम्व भू परिधि जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्रका व्यवस्थापन तथा सञ्चालन् सम्बन्धी व्यवस्था

४. क्षेत्राधिकार: (१) व्यवस्थापन तथा सञ्चालन समितिले स्थानीय वातावरण संरक्षण तथा पर्यापर्यटन सम्बन्धि ऐन, २०७७ का दफा (७) का अधिनमा रहि कार्यविधीको दफा (३) को उल्लेखित उद्देश्यहरु प्राप्तीका लागि आवश्यक कार्यहरु गर्नेछ ।

५. यस क्षेत्रभित्र निषेध गरिएका कार्यहरु: (१) पर्यापर्यटकीय क्षेत्रमा निम्न लिखित कार्यहरु गर्न पाइने छैन :

(क) यस क्षेत्रका हित रक्षार्थ अनुमति प्राप्त गरी वैज्ञानिक अनुसन्धानका निमित्त नमूना सङ्कलन गर्न बाहेक अन्य अवस्थामा कुनै पनि वन्यजन्तु, पंक्षी वा जलचरलाई मार्न, पक्रन, लखेट्न, तर्साउन वा चोटपटक पुर्‍याउन, धरापमा पार्न, पासो थाप्न वा सोको उद्योग गर्न ।

(ख) पर्यापर्यटकीय क्षेत्रभित्र कुनै किसिमका किटनाशक विष वा रासायनिक पदार्थ वा लठ्याउन वा विषालु पदार्थ फ्याँक्न वा पर्यापर्यटकीय क्षेत्रभित्र भएर बग्ने

नदी खोला, ताल,पानीका अन्य कुनै स्रोत वा सिमसारमा मिसाउन र पर्यापर्यटकीय क्षेत्रभित्र कुनै पनि तवरले लैजान ।

(ग) एकल प्रयोगजन्य बोतल, प्लाष्टिकहरु वा यस्ता अन्य सामग्री प्रयोगमा ल्याउन र फोहर गर्न ।

(घ) समितिले तोकेको क्षेत्रमा बाहेक अन्यत्र प्रवेश गरी निषेधित कार्य गर्न र जथाभावी आगो बाल्न ।

(ङ) बाटो, पुल, घर, कार्यालय भवन, पर्खाल, तारबार, सूचनापाटी वा चिह्नलाई क्षति पुऱ्याउन तथा सिमेन्ट प्रयोग भएका भौतिक संरचनाहरु निर्माण गर्न ।

(च) समितिका अनुमति बिना यस क्षेत्रका विकास, प्रवद्धजन्य साधनहरु ठूला स्वरमा बजाउन ।

(ज) समितिले तोके बमोजिम बाहेक अन्य कुनै किसिमका चिन्ह, सूचना, विज्ञापन वा अन्य यस्त किसिमका पोष्टरहरु टाँस्न ।

(ञ) स्थानीय धर्म, संस्कृति,परम्परालाई असर पुग्ने खालका भौतिक संरचनाहरु निर्माण गर्न ।

(ट) मिचाहा प्रजातिका र नेपाल सरकारले निषेधित गरेका विरुवा, विउविजन वा पशुपंक्षी पर्यापर्यटकिय क्षेत्रभित्र ल्याउन वा छोड्न ।

(ठ) कुनै पनि प्रयोजनका लागि खोला तथा नदीलाई फर्काउन वा मोड्न (डाइभर्ट) गर्न ।

(ड) पूर्वाधार विकासका कार्य गर्दा डोजर वा स्क्याभेटर जस्ता उपकरणहरुका प्रयोग गर्न ।

(ढ) चट्टान फुटाउन ब्लास्टिङ्ग गर्ने जस्ता गतिविधि गर्न ।

(ण) समितिका अनुमति बिना प्रकृति पथ प्रदर्शक (नेचर गाईड) का रुपमा सेवा प्रदान गर्न ।

(त) खानी, जलश्रोत र जलाधारका उत्खननका कार्य गर्न ।

(थ) समिति वा गाउँपालिकाका अनुमति बिना कुनै पनि संघ संस्था तथा अन्तराष्ट्रिय परियोजनाहरुले समेत प्राकृतिक संरक्षण, पर्यापर्यटन प्रवर्द्धन, जलाधार संरक्षण तथा उपयोगका नाममा कुनै पनि कार्य गर्न ।

(द) समिति,सामुदायिक वन उपभोक्ता समुह वा गाऊँपालिकाका अनुमति बिना यस क्षेत्र भित्रका बहुमुल्य नगदे जडिबुटीहरु संकलन गर्न, टिप्न वा खन्न ।

तर दफा ५ का उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय आदिवासीको प्रथाजनित परम्परागत कार्यहरु गर्नलाई यस कार्यबिधीले रोक लगाएको मानिने छैन ।

(२) पर्यटक तथा आगन्तुकका लागि समितिले पर्यटक तथा आगन्तुक आचारसंहिता जारी गर्न सक्नेछ ।

(३) यस क्षेत्रमा समिति वा गाऊँपालिकाले आवश्यक ठानेका क्षेत्र वा समयमा पर्यटक तथा आगन्तुकहरुलाई निषेधित क्षेत्र घोषणा गर्न सक्नेछ ।

६. पर्यापर्यटकका सङ्ख्यामा नियन्त्रण: यस क्षेत्र भित्रका संवेदनशील पानीका मुहान, नदी, जलाधार क्षेत्र र त्यस क्षेत्रका समग्र वातावरणमा प्रतिकूल असर पर्ने देखिएमा समितिले त्यस्ता क्षेत्रमा प्रवेश गर्न पर्यापर्यटक सङ्ख्यामा समेत नियन्त्रण गर्ने गरी आवश्यक आदेश जारी गर्न सक्नेछ ।

७. आवागमनका सुविधा दिने : स्थानीय बासिन्दाका हकमा समितिका नियम तथा मापदण्डमा रही गरिने कुनै पनि कार्य तथा गतिविधीहरुमा संलग्न हुन आवत जावत गर्नुपर्ने भएमा सो कुराको जानकारी दिए सँगै जुनसुकै समयमा आवतजावतका लागि अनुमति दिनुपर्नेछ ।

परिच्छेद ३

पर्यटकका वर्गीकरण तथा पर्यटन शुल्क सम्बन्धी व्यवस्था

८. यस क्षेत्र भित्र प्रवेशः व्यवस्थापन तथा सञ्चालन समिति वा समितिले तोकेका कर्मचारीको लिखित अनुमति बाहक व्यक्ति यस क्षेत्रभित्र प्रवेश गर्न पाउने छ । यस क्षेत्रभित्र प्रवेश गर्ने पर्यटक तथा आगन्तुकलाई अनुसूची (२) बमोजिमको प्रवेशपत्र दिईनेछ ।

तर स्थानीय बासिन्दा वा तिनका नजिकका नातेदार हो भनी स्थानिय बासिन्दाले प्रमाणित गरेको व्यक्तिका हकमा यो व्यवस्था लागू हुने छैन ।

९. प्रवेश शुल्कः (१) यस क्षेत्रभित्र प्रवेश गर्न पर्यटक तथा आगन्तुकलाई अनुसूची (३) मा उल्लेख भए बमोजिमका वर्गीकरण गरी समितिले समय समयमा निर्धारण गरेका शर्त र प्रकृया बमोजिम प्रवेश शुल्क लिईनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरिएता पनि सम्बन्धित गाँउपालिकाका बासिन्दाहरुलाई कुनै प्रकारका प्रवेश शुल्क वा अन्य पर्यटन शुल्क लाग्ने छैन । साथै, आमन्त्रित अतिथी तथा यस क्षेत्रका विकास र समृद्दीका लागि कार्यरत सामाजिक संस्थाहरु र अन्य सहयोगी संस्थाका हकमा समितिले विशेष प्रवेश पास तथा सुविधा उपलब्ध गराई प्रवेश शुल्क मिनाहा गर्न सक्नेछ

। सरकारी काम विशेषले आउने सरकारी कर्मचारीहरुलाई पर्यापर्यटन शुल्क लाग्ने छैन ।

परिच्छेद ४

कोष तथा आर्थिक व्यवस्थापन

१०. कोष व्यवस्थापन तथा सञ्चालन: १. भोटखोला गाउँपालिका स्थानीय वातवरण संरक्षण तथा पर्यापर्यटन सम्बन्धी ऐन २०७७ का परिच्छेद ४ का दफा (८) बमोजिम लुडवसाम्व भू परिधि जैविक-सांस्कृतिक सम्पदा संरक्षीत पर्यापर्यटीय विशेष क्षेत्र व्यवस्थापन तथा सञ्चालन समितिका एक छुट्टै कोष हुनेछ ।

२. पर्यटक तथा आगन्तुकहरुबाट प्राप्त प्रवेश शुल्क अन्य आम्दानीहरु मासिक रुपमा संकलन गरि समितिको निर्णय बमोजिम निर्धारण गरिए बमोजिमको बैंक खातामा दाखिला गरिनेछ ।

३. उपदफा (२) बमोजिम जम्मा भएका कुल रकमबाट प्रत्येक आर्थिक बर्षका अन्त्यमा निम्न अनुसारका कार्य सञ्चालनमा मात्र विनियोजन गरि खर्च गरिनेछ ।

क.लुडवसाम्व भू परिधि विशेष जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय क्षेत्रका जैविक तथा सांस्कृतिक विविधताका संरक्षण, होमस्टे, गोठस्टे, ग्ल्याम्पीङ साइट, क्याम्पीङ साइटहरुका भौतिक पुर्वाधार विकास निर्माणमा ३० प्रतिशत ।

ख. लुङबसाम्व भू परिधि विशेष जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय क्षेत्रका निर्माण अभियन्ता संस्थाका संस्थागत विकासमा १० प्रतिशत ।

ग. स्थानीय आदिवासी जनजातिहरुका संस्थागत विकासमा १० प्रतिशत ।

घ.भोटखोला गाउँपालिकाका अन्य वडाहरुका जैविक तथा सांस्कृतिक विविधताका संरक्षण तथा विकासमा ३० प्रतिशत ।

ङ. व्यवस्थापन तथा सञ्चालन समितिका संस्थागत विकासमा २० प्रतिशत ।

तर समितिका बैठकले औचित्य र कारण सहित निर्धारण गरे बमोजिम अन्य क्षेत्र र कार्यमा खर्च गर्न यस कार्यविधिले बाधा पुऱ्याएका मानिने छैन ।

४. यस कोषमा जम्मा भएका रकमबाट प्रकृतिलाई हानी नोक्सानी गर्न तथा वातावरण प्रदुषण गर्ने खालका कुनै पनि गतिविधीहरुमा प्रयोग गर्न र गराउन पाईने छैन ।

५. यस कोषबाट प्राप्त गरेका रकम खर्च गरेर कार्य सम्पादन पुरा गरि सकेपछि सो को प्रगति प्रतिवेदन हरेक आर्थिक बर्षको अन्त्यमा व्यवस्थापन तथा सञ्चालन समिति मार्फत गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

६. लुङबसाम्व भू परिधि जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र व्यवस्थापन तथा सञ्चालन समितिका आफ्नो छुट्टै कोष हुनेछ । कोष सञ्चालनका लागि बिभिन्न सरकारी तथा गैह्रसरकारी संस्था तथा निकायहरुबाट सहयोग रकम, अनुदान तथा अन्य सहयोग प्राप्त गर्न सक्नेछ ।

७. लुडवसाम्व भू परिधि जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र व्यवस्थापन तथा सञ्चालन समितिका संस्थागत आर्थिक गतिविधी सञ्चालन गर्नका लागि एक छुट्टै आर्थिक नियमावली बनाई कार्यान्वयनमा ल्याइनेछ ।

परिच्छेद ५

विविध

११. प्रचार प्रसार तथा प्रवर्द्धन : (१) यस पर्यापर्यटकीय क्षेत्रका प्रचार प्रसार तथा प्रवर्द्धन गर्ने जिम्मेवारी व्यवस्थापन तथा संचालन समितिको हुनेछ ।

(२) उपदफा (१) बमोजिमका जिम्मेवारी पुरा गर्न व्यवस्थापन तथा संचालन समितिले छुट्टै इकाई बनाउन सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरीएतापनि कुनै पनि निजी क्षेत्रका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी वा अन्य बाह्य व्यक्ति व्यवस्थापन तथा संचालन समितिको अनुमतिमा कुनै पनि सामाजिक सञ्जाल, वेभसाईट, ब्रोसर, साइनबोर्ड, पोस्टर जस्ता प्रचार प्रसारका सामाग्रीहरुका उत्पादन, पत्रपत्रिका, रेडियो, टेलिभिजन, महोत्सव, मेला, भ्रमण प्याकेजका निर्माण तथा प्रवर्द्धन जस्ता क्रियाकलापहरु गर्न सक्नेछ । व्यवस्थापन तथा संचालन समितिले यस कार्यविधि बमोजिमका उद्देश्य पुरा गर्न उक्त व्यक्ति वा संस्थासंग सहकार्य गर्न सक्नेछ ।

१२.होमस्टे तथा गोठस्टे संचालन गर्न सक्ने : यस क्षेत्रमा गाउँपालिकाको होमस्टे व्यवस्थापन कार्यविधि, २०७७ का अधिनमा रहि होमस्टे संचालन गर्न

सकिनेछ । साथै, यस क्षेत्रका उच्च भूभागमा रहेका परम्परागत गोठहरुलाई उचित व्यवस्थापन गरी व्यवस्थापन तथा संचालन समितिले तोके बमोजिमका मापदण्ड पुरा गरी गोठस्टेका रुपमा संचालन गर्न सकिनेछ ।

१३ चरीचरनको (चरण) उचित व्यावस्थापन

१४. थपघट, हेरफेर वा संसोधन : आवश्यकता अनुसार गाँउ कार्यपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर वा संसोधन गर्न सक्नेछ । सो कार्य गर्दा समितिका परामर्श लिन सक्नेछ ।

१५. कार्यपालिकाको निर्देशन बमोजिम हुने: यस कार्यविधिमा उल्लेख नभएका यस कार्यविधिका कार्यान्वयन सम्बन्धी अन्य व्यवस्था व्यवस्थापन तथा सञ्चालन समितिका सिफारिसमा गाँउ कार्यपालिकाको निर्देशन बमोजिम हुनेछ ।

१६. दण्ड जरिवाना गर्न सक्ने: यस कार्यविधीमा निषेधित गरिएका वा अन्य अवान्छित कार्यहरु कसैले गरेमा व्यवस्थापन तथा सञ्चालन समितिले तोकेबमोजिमका दण्ड जरिवाना गर्न सक्नेछ ।

अनुसूची १

(दफा (१)को उपदफा (२)सँग सम्बन्धित)

लुङवसाम्व भू परिधि जैविक-साँस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्रका भौगोलिक तथा प्रशासनिक क्षेत्र

पुर्वका सिमाना : ताप्लेजुङ जिल्लाको मिक्वाखोला गा.पा.

पश्चिमका सिमाना : अरुण नदी

उत्तरका सिमाना : मित्र राष्ट्र चीन

दक्षिणका सिमाना : भोटखोला गा.पा.वडा नं. ५ वाम्सुवा खोला

अनुसूची २

(दफा ८ सँग सम्बन्धित)

प्रवेशपत्र

क्र.स : ..................।

मिति : ........................

१. प्रवेशपत्र लिने व्यक्तिको नाम, थर :............................................................

२. ठेगाना:..................................................

३. उमेर:.............................      रक्त समुह :.............................

४. लिङ्ग :....................

५. नागरिकता जारी भएको जिल्ला र नागरिकता नं. :..................................

६. विदेशी नागरिकको हकमा

क) राहदानी जारी भएका देश र राहदानी नं. :.......................

ख) प्रवेषाज्ञा समाप्त हुने मिति : ..................

७. भ्रमणको उद्देश्य :.............................................................................

८. प्रवेश शुल्क :.............................................................................

९.प्रवेश पत्रको म्याद समाप्त हुने मिति :......................................

प्रवेश पत्र प्राप्त गर्नेको दस्तखत (प्रवेश पत्र प्रदान गर्नेको दस्तखत)

द्रष्टव्य :

१. यो प्रवेशपत्र अर्को व्यक्तिलाई हस्तान्तरण गर्न पाईने छैन ।

२. यस क्षेत्रभित्र रहुन्जेल प्रत्येक व्यक्तिले प्रवेशपत्र आफ्नो साथमा राख्नु पर्नेछ र पर्यापर्यापर्यटकिय क्षेत्रभित्र सम्बन्धित कर्मचारी तथा सुरक्षाकर्मीले हेर्न चाहेमा जुनसुकै बखत देखाउनु पर्नेछ ।

३. यो प्रवेश पत्र बाहकले लुडवसाम्व भू परिधि जैविक-सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय बिशेष क्षेत्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि-२०७७ लाई पूर्ण रुपले पालना गर्नु पर्नेछ ।

४.पर्यटक तथा आगन्तुकहरुले सुविधाप्राप्त पदमार्ग बाहेक अन्यत्र घरपालुवा जनावर साथमा लैजान पाईने छैन ।

५. ठूला ध्वनी उत्पन्न गर्ने सामग्रीहरु लैजान पाइने छैन ।

अनुसूची ३

(दफा ९(१)सँग सम्बन्धित)

पर्यापर्यटक तथा सम्बन्धित शुल्कको विवरण

**पर्यटक तथा आगन्तुकको वर्गीकरण:**

क. एकल वा सामुहिक रुपमा सिधा व्यवस्थापन तथा संचालन समितिका सम्पर्क मार्फत यात्रा गर्न ।

ख. अन्य संस्था वा कम्पनीका माध्यमबाट भ्रमण गर्ने व्यक्ति वा समूह ।

ग. अन्य संस्था वा कम्पनी मार्फत ग्रेटर हिमालयन ट्रेलका यात्रा गर्ने पर्यटक तथा आगन्तुकहरु ।

घ. बाह्य अनुशन्धान कर्ता तथा शैक्षिक पर्यटक तथा आगन्तुकहरु ।

ङ. डकुमेन्ट्री/फिल्मका निर्माण तथा सुटिङ्ग गर्ने विदेशीहरु ।

च. सार्क राष्ट्का पर्यटक तथा आगन्तुकहरु ।

छ. सबै प्रकारका आन्तरिक पर्यटक तथा आगन्तुकहरु (सम्बन्धित गाँउपालिकाका बासिन्दाहरु बाहेक)

ज. डकुमेन्ट्री/फिल्मका निर्माण तथा सुटिङ्ग गर्ने नेपालीहरु ।